मिति २०८३ असोज २८ गते नेपाल संवत् ११४६ कौलाथ्व ४ बुधबारका दिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री गोगन बहादुर हमालको अध्यक्षता तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" को दफा १६(१) बमोजिम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति बर्दियाको बैठक बसी निम्न बमोजिमको निर्णय गरियो।

उपस्थिति

पद	नामथर	कार्यालय/निकाय	सम्पर्क नं.	दस्तखत
प्र.जि.अ./ अध्यक्ष	श्री गोगन बहादुर हमाल	जिल्ला प्रशासन कार्यालय, बर्दिया	९८५८०३७७७७	
प्रमुख	श्री सुर्यबहादुर विष्ट	जिल्ला समन्वय समिति बर्दिया	९८४१४८०५६८	
प्रमुख	[illegible]	बर्दिया न.पा.	९८५८०१८८८०	
उप-प्रमुख	विनोद भट्टराई	ठाकुरबाबा न.पा.	९८४८७०८९०	
प्रमुख	[illegible]	जिल्ला [illegible] कार्यालय	९८५१२८४१६६	
सदस्य	हिरेश कुमार महत	[illegible] बर्दिया	९८४१८६२१९८	
उप-प्र.	[illegible]	जिल्ला [illegible] कार्यालय बर्दिया	९८४८०३४४५५	
उ०अ०नि.	[illegible]	[illegible]	९८४८०३८६६६	
कार्यपालिका सदस्य	[illegible]	[illegible]	९८४८०४२२६६	
सह-संयोजक बर्दिया	हरिहर चौधरी	नेपाली कम्प्रा[illegible]	९८६४९०८२३९	
अर्थ [illegible]	[illegible]	[illegible]	९८२१०२६१०६	
अध्यक्ष	कृष्ण प्रसाद यादव	जसपा-नेपाल बर्दिया	९८४८०२६३९०	
सचिव	देवेन्द्र [illegible]	बर्दिया जि. अ. [illegible]	९८४२१२६८०१	
जिल्ला संयोजक	[illegible]	[illegible]	९८४८०४४९६०	

पद	नामथर	कार्यालय/निकाय	सम्पर्क नं.	दस्तखत
अध्यक्ष	रवि मल्ल ठकुरी	बर्दिया कुलासार व्यवस्थापन समिति	९८४१०८६३९८	
न.स्वा.अ.	निर्मल पौडेल	स्वा. का. बर्दिया	९८६००८१६६६	
सेवानी	तारणीप्रसाद पौडेली	श्री नव्र दल गण बाँके	९८४२८४२०६२	
ए.डि.ओ.	अशोक कुमार मण्डारी	जिल्ला प्रशासन कार्यालय	९८४८०२६२६९	
डाक्टर	लोक प्रसाद पन्त	डाक्टर कार्यालय, बर्दिया	९८४८०६३६६६	
कार्यालय सहायक	महेश चन्द्र जोशी	ने.रे.क्रा. बर्दिया शाखा	९८४८०३०४००	
का.प्र.	हेमन्त कुमार रोका	बाङ्क प्रबन्धक, बर्दिया	९८४८०३२६२४	
इन्जिनियर	सगुन अधिकारी	बबई सिंचाइ आयोजना, बाँके, बर्दिया	९८६०९००९६५	
स्वास्थ्य सहायक	पदम बहादुर महत्तरा	मा.मी.घर जोखिम स्वास्थ्य शाखा	९८४१०२६९१४	
प्रमुख	पुवराम रिमाल	RSP/RAT बर्दिया	९८६६२६००४	
उपप्रमुख	शान्ती चौधरी	"	९८३८२०६८८०	
आयोजना प्रमुख	सुदिन मोक्तान	सिंचाइ तथा जलस्रोत व्य.आ., बर्दिया	९८४८०२४३४८	
शा.अ.	रविन्द्र नाथ थारु	शि.नि.तथा सा.ए.बर्दिया	९८२८०२९१२०	
इन्जिनियर	विशाल ठाकुर	खानेपानी तथा सरसफाइ कार्यालय, बर्दिया	९८४३१४८४७३	
SM	विल्लीराम थारु	बि-ग्रुप	९८६८९९२६१२	
SI	यज्ञ म. खत्री	जि.प्र.का. बर्दिया	९८६८१९०२९६	
अध्यक्ष	धर्मराज तिमिल्सिना	गोकुलगंगा गाउँपालिका	९८२१०३१७०१	
प्र.अ.	सरोज चौधरी	जि-प्रशा.का. बर्दिया	९८४८६२६१२६	
नं.प्रमुख	खड्क बहादुर खड्का	बाँसगढी न.पा.	९८४०८१३११	
प्र.प्र.अ.	राजन घिमिरे	बाँसगढी न.पा.	९८४१४४०६०	
न.उपप्रमुख	सविता गौतम	गुलरिया न.पा.	९८४८०८४६४	

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति

मितिः २०८३ साल असोज २८ गते

समयः विहान ११:०० बजे

स्थानः जिल्ला प्रशासन कार्यालय, बर्दिया

बैठकका निर्णयहरूः

१. बर्दिया जिल्लामा बाढी, डुबान, आगलागी, चटयाङ, हावाहुरी तथा अन्य सम्भावित विपद्घाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। स्थानीय तह, सुरक्षा निकाय, विषयगत कार्यालय तथा मानवीय सहायता क्षेत्रमा कार्यरत सङ्गसंस्थावीच आवश्यक समन्वय कायम गरी खोज, उद्धार, प्राथमिक उपचार, राहत तथा पुनःस्थापनाका लागि तयारी अवस्थामा रहने ।

२. जिल्लाका बाढी तथा डुबान प्रभावित क्षेत्र, नदी कटानको जोखिम भएका बस्ती, आगलागी सम्भावित क्षेत्र तथा अन्य जोखिमयुक्त स्थानहरूको पहिचान र अद्यावधिक गर्ने। सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायले जोखिममा रहेका नागरिकलाई समयमै सूचना प्रवाह गर्ने, आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा समुदायस्तरमा विपद् सचेतना र पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने।

३. विपद् घटित भएमा तत्काल परिचालित हुन सक्ने गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय तह तथा सम्बन्धित निकायबीच समन्वय गरी खोज तथा उद्धार टोली तयारी अवस्थामा राख्ने। आवश्यक उद्धार सामग्री, प्राथमिक उपचार सामग्री, खाद्यान्न, खानेपानी, त्रिपाल तथा अन्य अत्यावश्यक राहत सामग्रीको उपलब्धता र मौज्दात विवरण अद्यावधिक गर्ने। राहत वितरणलाई आवश्यकतामा आधारित, पारदर्शी, समन्वित तथा लक्षित वर्गमैत्री बनाउने ।

४. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि उपलब्ध बजेट, विपद् व्यवस्थापन कोष, जनशक्ति, उपकरण तथा अन्य स्रोतसाधनको विवरण अद्यावधिक गरी आवश्यकताअनुसार परिचालन गर्ने। जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्बन्धित सरकारी निकायबीच स्रोतसाधनको दोहोरोपन हुन नदिई प्रभावकारी उपयोग गर्ने र आवश्यक थप स्रोतसाधनका लागि सम्बन्धित निकायमा समन्वय तथा अनुरोध गर्ने ।

५. सडक पूर्वाधार विकास कार्यालय बर्दिया अन्तर्गत चालु आ।व। २०८३र०८४ को वार्षिक कार्यक्रममा जिल्लास्थित विभिन्न स्थानीय तहहरुमा मनसुनजन्य विपद्बाट क्षति पुर्याएको स्थानहरुको मर्मत तथा पुनःनिर्माणका लागि उक्त कार्यालयबाट उल्लेख भए बमोजिमका आयोजनाहरु लागि बजेट बिनियोजन नरहेको, एकीकृत कोषको समेत ब्यवस्था नरहेको तथापि स्थानीय पालिकाहरुबाट बाढी तथा वर्षाका कारण उच्च जोखिममा रही क्षतिग्रस्त भएको कारण स्थानीयबासीको आवागमन,बालबालिका विद्यालय आवतजावत तथा एम्बुलेन्स लगायत अत्यावश्यक सवारीसाधन संचालनमा समेत कठिनाई भई तत्काल मर्मत सम्भार गर्न आवश्यक रही स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय समेत सिफारिस भई आएको र यस समितिमा केही स्थानीय तहका विपद्बाट क्षति भएका स्थानहरु छुटेको भनी जानकारी गराए अनुसार उक्त

छुटेका स्थानको निर्णय गरि आएका विषयहरु समेत समावेश गरि सडक र पुलहरुको निर्माण र मर्मत कार्य गर्न आवश्यक अतिरिक्त बजेटको व्यवस्थापनको लागि श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,देउखुरी,दाङ,लुम्बिनी प्रदेशमा माग गर्नुपर्ने भएको हुँदा "आवश्यक निर्माण तथा मर्मत कार्यका लागि आवश्यक पर्ने ल.इ.रकम रु. ९,५४,००,२९५।११ प्रदेश विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापन समिति, देउखुरी, दाङलाई आवश्यक व्यवस्थापन गरिदिन सडक पूर्वाधार विकास कार्यालय मार्फत अनुरोध गरि पठाउने।

६. जिल्लास्थित सबै स्थानीय तह, सुरक्षा निकाय, विषयगत कार्यालय तथा सम्बन्धित सङ्घसंस्थाले आफ्नो कार्यक्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी गतिविधि सञ्चालन गरी प्रगति विवरण जिल्ला प्रशासन कार्यालयमा नियमित रूपमा उपलब्ध गराउने। जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमार्फत विपद्सम्बन्धी सूचना, क्षतिको विवरण, उद्धार तथा राहत कार्यको अवस्था एकीकृत रूपमा अभिलेखीकरण र आदानप्रदान गर्ने। आजको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अनुगमन जिल्ला प्रशासन कार्यालयले सम्बन्धित निकायसँगको समन्वयमा गर्ने ।

७. रुसुवा भोटेकोशी बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८३।०६।१४ गतेको ३७औं बैठकबाट भएको निर्णय तथा सो सम्बन्धमा निर्धारित प्रक्रियालाई समेत दृष्टिगत गरी बर्दिया जिल्लामा स्थायी ठेगाना भएका बेपत्ता व्यक्तिहरूको विवरण यकिन, प्रमाणीकरण तथा सिफारिस गर्न देहाय बमोजिम गर्ने।

क. **निवेदन आह्वान तथा सार्वजनिक सूचनाः** सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी ठेगाना भएका र रुसुवा भोटेकोशी बाढीमा परी बेपत्ता भएका व्यक्तिको विवरण यकिन गर्न सम्बन्धित वडा कार्यालय मार्फत निवेदन पेस गर्न आह्वान गरी पाँच दिनको समयावधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने।

ख. **निवेदन तथा आवश्यक कागजात सङ्कलनः** बेपत्ता व्यक्तिका एकाघर परिवारका सदस्यले बेपत्ता व्यक्तिको नाम, थर, उमेर, स्थायी ठेगाना, नागरिकता वा अन्य परिचय खुल्ने कागजात, निवेदकसँगको नाता प्रमाणित हुने कागजात, बाढीमा बेपत्ता भएको सम्बन्धमा स्वघोषणा तथा उपलब्ध भएमा बेपत्ता व्यक्तिको फोटोसहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुपर्ने व्यवस्था मिलाउने। एकाघर परिवारका सदस्य नभएको अवस्थामा सम्बन्धित वडा अध्यक्षले वडा सचिव तथा स्थानीय प्रहरीको रोहबरमा स्थलगत मुचुल्कासहित विवरण प्रमाणीकरण गर्ने।

ग. **विवरण प्रमाणीकरण तथा सिफारिसः** सम्बन्धित वडा कार्यालयबाट प्राप्त निवेदन र प्रमाण कागजात जाँचबुझ गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बेपत्ता व्यक्तिको विवरण यकिन गर्ने। यकिन भएका विवरण दावी-विरोधका लागि तीन दिनको समयावधि तोकी सार्वजनिक गर्ने। दावी-विरोध परेमा आवश्यक छानविन गरी अन्तिम विवरण तयार गर्ने र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सिफारिससहित पठाउने।

घ. **जिल्लास्तरीय जाँचबुझ तथा सिफारिसः** स्थानीय तहबाट प्राप्त विवरण जिल्ला प्रशासन कार्यालय, बर्दियाले आवश्यक जाँचबुझ गरी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पेस गर्ने। समितिबाट

प्रमाणीकरण तथा सिफारिस भएका विवरण निर्णयसहित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित प्रदेशको विपद् व्यवस्थापन हेर्ने मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने।

ङ. अभिलेख तथा प्रतिवेदनः सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले सङ्कलित निवेदन, प्रमाण कागजात, जाँचबुझ प्रतिवेदन, दावी-विरोध तथा अन्तिम प्रमाणीकरण भएका विवरणको सुरक्षित अभिलेख राख्ने र प्रचलित कानुन तथा सम्बन्धित निकायबाट निर्धारित प्रक्रियाबमोजिम प्रतिवेदन पेस गर्ने।

च. कार्यान्वयन गर्ने निकायः सम्बन्धित स्थानीय तह, वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय, बर्दिया तथा आवश्यकताअनुसार सम्बन्धित सुरक्षा निकाय।

८. "जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३" छपाइ गरी DEOC मा उपलब्ध गराइदिनु भएकोमा भेरी बातावरणीय विशिष्टता समूह (बी ग्रुप बाँके)लाई धन्यवाद् ज्ञापन गर्ने।

९. जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकमा राजनीतिक दल, समाजसेवी, सामाजिक सद्भाव समूह, विभिन्न संघसंस्थाका प्रतिनिधि, कार्यालय प्रमुख, स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज तथा पत्रकारलगायतको सहभागितामा बडादशैं, तिहार तथा छठ पर्वको पावन अवसरमा एकआपसमा शुभकामना आदानप्रदान गर्ने कार्य सम्पन्न गरियो।

१०. बडादशैं, तिहार तथा छठ पर्वको समयमा जिल्लाभित्र हुन सक्ने सम्भावित विपद्का घटनाहरूको रोकथाम तथा जोखिम न्यूनीकरण गर्न सम्बन्धित विषयगत कार्यालय, स्थानीय तह तथा सरोकारवाला निकायहरूले आ-आफ्नो जिम्मेवारीअनुसार आवश्यक पूर्वतयारी, प्रतिकार्य तथा रोकथामसम्बन्धी कार्यहरू समयमै प्रभावकारी रूपमा सम्पन्न गर्ने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक समन्वय, सहकार्य तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउने निर्णय गरियो।

११. केही दिन यता जिल्लामा मनसुनवाट धानबालीमा पुऱ्याएको क्षतिका सम्बन्धमा सबै स्थानीय तहले यथाशीघ्र एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, गुलरिया, बर्दिया मार्फत जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा आगामी बैठकमा पेश गर्ने।

१२. दशैं, तिहार, छठ पर्वको समयमा कार्यालय तथा कार्यालय परिसरमा हुन सक्ने सम्भावित आगलागी, विद्युत् सर्ट, चोरी तथा अन्य सुरक्षा जोखिमलाई मध्यनजर गर्दै कार्यालयको सम्पत्ति, कागजात, उपकरण तथा सवारी साधनको सुरक्षा सुनिश्चित गर्न स्पष्ट जिम्मेवारी तोकी पालोपहराको व्यवस्था मिलाउने, कार्यालय तथा परिसरको नियमित निगरानी गर्ने र सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक सुरक्षा सतर्कता अपनाउने। पालो पहरामा खटिएका कर्मचारीहरुको सम्पर्क नम्बर सहितको नामावली जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाउनुका साथै, कार्यालयमा रहेका सवारी साधन तथा तिनको प्रयोगका लागि आवश्यक इन्धनको उचित व्यवस्थापन गर्ने, सवारी चालकसहित सवारी साधनलाई चुस्त, दुरुस्त र तयारी अवस्थामा राख्ने तथा दशैं बिदाको अवधिमा कार्यालयको स्वीकृति र प्रयोजनविना सरकारी

सवारी साधन तथा इन्धन निजी काममा प्रयोग नगर्ने/नगराउने यसको कडाइका साथ कार्यान्वयनको व्यवस्था कार्यालय प्रमुखले मिलाउने। उक्त निर्णय कार्यान्वयनका लागि सम्बन्धित कर्मचारी तथा जिम्मेवार पदाधिकारीलाई आवश्यक जिम्मेवारी तोकी सोको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउने।